का.जि.प्र.का.द.नं. १००/०५२/५०
२२ माघ २०८२
बिहीबार
5 February 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नुस्

वर्ष २४, अंक १४। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# चुनावले बढायो कांग्रेस-एमालेको मनोबल

## गठबन्धन नभएकाले प्रत्यक्षमा धेरै सिट जित्ने आन्तरिक विश्लेषण

*उम्मेदवारसहित घरदैलोमा पुग्दासम्म नेपाली कांग्रेस र नेकपा एमालेका नेता तथा उम्मेदवारहरूले पुरानै लयमा फर्किएको दाबी मात्र गरेका छैनन्, प्रत्यक्षतर्फ पहिलो वा दोस्रो दल हुने आन्तरिक विश्लेषण पनि गरेका छन् ।*

सामाजिक सञ्जालमा भन्दा भिन्न माहोल टोलबस्तीमा पाएका छौं । यसले मनोबल बढाएकै छ ।



**प्रदीप पौडेल**
**महामन्त्री, कांग्रेस**

आन्तरिक असन्तुष्टिलाई थाती राखेर पार्टीलाई जिताउने अभियानमा एमालेको सिंगो पंक्ति एक ठाउँ छ ।



**योगेश भट्टराई**
**उपमहासचिव, एमाले**

**अस्मिता बम**
काठमाडौं, २१ माघ

जेनजी आन्दोलनबाट सत्ताच्युत भएका दुई पुराना दल नेपाली कांग्रेस र नेकपा (एमाले)का नेताकार्यकर्ताको मनोबल चुनावी अभियानपछि बढेको पाइएको छ । उम्मेदवारसहित घरदैलोमा पुग्दासम्म यी दलहरूले पुरानै लयमा फर्किएको दाबी मात्र गरेका छैनन्, प्रत्यक्षतर्फ पहिलो वा दोस्रो दल हुने आन्तरिक विश्लेषण पनि गरेका छन् ।

जेनजी आन्दोलनले खस्काएको मनोबलसहित चुनावमा गएका यी दुई दलको भित्री चाहना सर्वोच्च अदालतबाट संसद् पुनर्स्थापना होस् भन्ने थियो । चुनाव आउन एक महिना मात्र छँदासमेत कांग्रेसको शेरबहादुर देउवा पक्ष र एमाले त्यही आशामै छन् । तर चुनावी मैदानमा पुगेका उम्मेदवार भने चुनावी नतिजाप्रति आशावादी देखिएका हुन् । विगतमा कहिले एमाले-माओवादी केन्द्र त कहिले कांग्रेस-माओवादी केन्द्र गठबन्धनले प्रतिकूल स्थितिमा समेत चुनाव लडेका यी दल यसपटक एक्लाएक्लै प्रतिस्पर्धा हुन लागेकाले सहज रहेको बताइरहेका छन् ।

भदौ २३-२४ मा जेनजी आन्दोलन हुँदा सिंहदरबारमा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वमा कांग्रेस-एमाले गठबन्धन सरकार थियो । त्यस क्रममा ठुलो मानवीय एवं भौतिक क्षतिपछि विघटित संसद्का यी दुई ठुला दल रक्षात्मक बने । दुवै दलमा नेतृत्व परिवर्तनको बहस चल्यो । एमालेले अर्ली महाधिवेशन गरेर पुनः ओलीलाई नै अनुमोदन गरेको छ भने कांग्रेसमा विशेष महाधिवेशनबाट नेतृत्व पुस्तान्तरण भयो । गगन थापा पार्टी सभापति मात्र बनेनन्, कांग्रेसले उनैलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सार्दै चुनावमा गएको छ ।

सामाजिक सञ्जाल मात्र हेर्दा २१ फागुनको चुनावी नतिजा एकपक्षीय हुने विश्लेषण भइरहेका बेला घरदैलोबाट कांग्रेस-एमाले नेताकार्यकर्ता उत्साहित भएका हुन् । 'पार्टीका तल्लो तहका नेता कार्यकर्ता भेट्दा उहाँहरू उत्साहित हुनुहुन्छ । सिंगो पार्टी एकजुट भएर चुनावी मैदानमा उत्रिएको छ,' कांग्रेस महामन्त्री एवं काठमाडौं ५ का उम्मेदवार प्रदीप पौडेलले मध्यान्हसँग भने, 'मिडिया र सामाजिक सञ्जालमा देखिएकोभन्दा धेरै भिन्न माहोल टोलबस्तीमा पाएका छौं । यसले पक्कै पनि पार्टीको मनोबल बढाएकै छ ।'

नियमित कि विशेष महाधिवेशनको लामो रस्साकस्सीपछि तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको अगुवाइमा कांग्रेस विशेष महाधिवेशनमा गएको थियो । सोही महाधिवेशनबाट थापा नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचितसमेत भएको छ । निर्वाचन आयोगबाट सोही समितिले आधिकारिकता पाएपछि कांग्रेस भावनात्मक रूपमा विभाजितजस्तै छ । निवर्तमान सभापति शेरबहादुर देउवा, कार्यवहाक सभापति पूर्णबहादुर खड्कालगायत देउवा पक्षीय नेताहरू कसैले टिकट पाएनन् त कोही लड्न चाहेनन् । कांग्रेस वैधानिकताको विवाद अदालतमा विचाराधीन रहे पनि दुई पक्षलाई मिलाएर चुनाव जित्ने रणनीतिमा सभापति थापा देखिन्छन् । बुधबार मात्र एक भिडियो सन्देश जारी गर्दै बदलिएको कांग्रेस अब नयाँ ढंगले चल्ने दाबी गरेका छन् । 'अब कांग्रेसले युनिभर्सिटी, अड्डा अदालत र संवैधानिक नियुक्तिमा भागबन्डा खोज्दैन,' उनले भनेका छन् ।

आन्तरिक कलहले विभाजित अवस्थामा रहे पनि नेतृत्व पुस्तान्तरण गरेर चुनावमा आएको कांग्रेसमा नयाँ उत्साह देखिन्छ । 'हामी पुरानो कांग्रेस होइन । भएका कमीकमजोरी सच्याएर संगठित र एकीकृत ढंगले जनतामा पुगेका छौं,' महामन्त्री पौडेलले भने, 'त्यसैले हामी पहिलो शक्ति हुने ढंगले नै अघि बढेका छौं ।'

»» पृष्ठ २ मा

चुनावी चासो

# निर्वाचन आयोगलाई दैनिक ५० मतदाताको फोन

*निर्वाचनसँग सम्बन्धित विषयमा अलमल भए वा कुनै प्रश्न रहे जोसुकैले निःशुल्क टोल-फ्री नम्बर ११०२ मा कल गर्न सक्छन् । एकैपटकमा १५ जनासम्मको कल लिन मिल्नेगरी जनशक्ति व्यवस्थापन गरिएको आयोगले जनाएको छ ।*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ माघ




निर्वाचनको दिन नजिकिँदै जाँदा मतदातामा उत्साह बढ्दो छ । मतदान गर्न मतदाता परिचयत्र अनिवार्य छ कि छैन ? राष्ट्रिय परिचयत्रमा फरक विवरण परेको अवस्थामा के हुन्छ ? सरकारी कागजात हुँदा मतदान गर्न पाइन्छ कि पाइँदैन ? भनेर निर्वाचन आयोगलाई फोन गर्नेहरू बढ्दो क्रममा छन् ।

निर्वाचन आयोगले मतदाताका जिज्ञासा र प्रश्न सम्बोधन गर्न कल सेन्टर नै स्थापना गरेको छ । निर्वाचनसँग सम्बन्धित विषयमा अलमल भए वा कुनै प्रश्न रहे जोसुकैले निःशुल्क टोल-फ्री नम्बर ११०२ मा कल गर्न सक्छन् । एकैपटकमा १५ जनासम्मको कल लिन मिल्नेगरी जनशक्ति व्यवस्थापन गरिएको आयोगले जनाएको छ ।



दैनिक ५०/५५ जनाले फोन गर्ने गरेका छन् । आयोगले १ हजार ८ सय बढी जिज्ञासा तथा प्रश्न प्राप्त भएको छ ।

**कुलबहादुर जिसी**
**सहायक प्रवक्ता, निर्वाचन आयोग**

निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार दैनिक ५० जनाभन्दा बढीले फोन गरेर जिज्ञासा तथा प्रश्न राख्ने गरेका छन् । निर्वाचन आयोगले यही माघ ५ गते कल सेन्टर स्थापना गरेका हुन् । त्यसयता मंगलबारसम्म १ हजार ८ सय बढी जिज्ञासा तथा प्रश्न प्राप्त भएका छन् ।

आयोगका सहायक प्रवक्ता जिसी भन्छन्, 'दैनिक ५०/५५ जनाले फोन गर्ने गरेका छन् । आयोगले १ हजार ८ सय बढी जिज्ञासा तथा प्रश्न प्राप्त भएको छ ।'


निर्वाचनमा राजनीतिक दल र उम्मेदवार होमिइसकेका छन् । यसबेला मतदातामा पनि उत्साह बढ्दो रहेको पाइएको छ । यसको एउटा उदाहरण भने निर्वाचन आयोगमा स्थापित कल सेन्टरमा नागरिकका जिज्ञासा र प्रश्न पुग्नेक्रम बढ्नु पनि हो ।

निर्वाचन आगोगका अनुसार कल सेन्टरमा फोन गर्नेहरूले मतदानसँग सम्बन्धित विषयमा बढ्ता जिज्ञासा राख्ने गरेका छन् । आयोगका अनुसार मतदान गर्न मतदाता नामावलीमा नाम दर्ता भएको हुनु अनिवार्य छ । मतदाता नामावलीमा नाम दर्ता भएका व्यक्तिले मतदान गर्न जाँदा सामान्यतया आफूसँग भएको मतदाता परिचयपत्र साथमा लिएर जानुपर्छ । मतदाता परिचयपत्र नभएको वा नासिएको अवस्थामा नेपाली नागरिकताको प्रमाणपत्र वा

»» पृष्ठ २ मा

# नाम फास्ट ट्र्याक, काम सुस्त

## ८ वर्षमा भएन आधा प्रगति



*जसरी नाम फास्ट ट्र्याक राखियो उसैगरी द्रुत गतिमा काम सक्ने सरकारको लक्ष्य थियो । त्यसअनुसार राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत पनि राखियो । आठ वर्षको प्रगतिले भने न फास्ट ट्र्याकको अर्थलाई कायम राख्न सकेको छ न राष्ट्रिय गौर वको महत्वलाई दर्साउन ।*

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं २१ माघ

काठमाडौं उपत्यकालाई सिधै तराईसँग जोड्ने उद्देश्यका साथ अघि बढाइएको आयोजना हो- काठमाडौं-निजगढ (तराई-मधेश) द्रुतमार्ग (फास्ट ट्र्याक) । जसको निर्माण व्यवस्थापन जिम्मेवारी नेपाली सेनाले लिएको छ । आयोजना सम्पन्न भएपछि ६ घण्टाको यात्रा १ घण्टा सकिनेछ । जसले यात्रा मात्र होइन, ढुवानी, व्यापार, उद्योग, पर्यटन तथा समग्र राष्ट्रिय अर्थतन्त्रमा दीर्घकालीन सकारात्मक प्रभाव पार्नेछ । तर निर्माण सुरु गरेको आठ वर्षसम्म ४५ प्रतिशत मात्र काम सम्पन्न भएको छ ।

अर्थात्, आठ वर्षमा आधा प्रगति पनि भएको छैन । जसरी नाम फास्ट ट्र्याक राखियो उसैगरी द्रुत गतिमा काम सक्ने सरकारको लक्ष्य थियो । त्यसअनुसार राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत पनि राखियो । आठ वर्षको प्रगतिले भने न फास्ट ट्र्याकको अर्थलाई कायम राख्न सकेको छ न राष्ट्रिय गौरवको महत्वलाई दर्साउन ।

नेपाली सेनाका अनुसार देशकै महत्वाकांक्षी तथा राष्ट्रिय गौरवको आयोजना काठमाडौं-निजगढ (तराई-मधेश) द्रुतमार्ग (फास्ट ट्र्याक) परियोजनाको हालसम्म आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्म आयोजनाको भौतिक प्रगति ४५ दशमलव १५ प्रतिशत र वित्तीय प्रगति ४५ दशमलव ३३ प्रतिशत पुगेको छ ।

अघिल्लो वर्ष २०८१/८२ को पुस मसान्तसम्म ३७ दशमलव ६० भौतिक प्रगति र ३९ दशमलव ५६ प्रतिशत वित्तीय प्रगति थियो । तर पछिल्लो एक वर्षमा ७ दशमलव ५५ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । नेपाली सेनाका अनुसार आयोजनाको कुल लागत २ खर्ब ११ अर्ब ९३ करोडमध्ये हालसम्म ८२ अर्ब ९७ करोड खर्च भइसकेको छ ।

२०८० साल वैशाख ५ गतेसम्म समयावधि भएको आयोजनाको सुरुको लागत १ खर्ब ७५ अर्ब १९ करोड थियो समयमा काम सम्प्रन्न नहुँदा सो आयोजनाको समयावधि २०८३ चैत्र मसान्तसम्म थप गरिएको छ । यसरी निर्धारित समयमा निर्माण सम्पन्न नहुँदा लागत बढ्दा राज्यलाई भार थपिँदै गएको छ ।

खोकनादेखि प्रस्थान बिन्दु र निजगढ अन्तिम बिन्दु रहेको योजनाको लम्बाइ ७० दशमलव ९ सय ७७ किलोमिटर रहेको छ । पहाडी भू-भागमा २५ मिटर र तराई भू-भागमा २७ मिटर चौडाइ छ । ६ स्थानमा सुरुङमार्ग रहेको आयोजना क्षेत्र ललितपुर ९ किलोमिटर, काठमाडौं ४६ किलोमिटर, मकवानपुर ४९ दशमलव ७७ किलोमिटरर बारा जिल्लामा ७ दशमलव ६ किलो मिटर रहेको छ । काठमाडौं-निजगह (तराई-मधेश) दुतमार्गमा ८९ वटा पुल निर्माणको योजना छ जसमा १२ दशमलव ८ सय ८५ किलोमिटरको दूरी रहेको छ ।

नेपाली सेनाका अनुसार सुरुङमार्गको जम्मा लम्बाई १० दशमलव ९७९ किमि छ । देवीचौर सुरुङ १ किलोमिटर, सिसौटार सुरुङ शून्य दशमलव ३९, चन्द्राम भीर सुरुङ २ दशमलव २ सय ३७, महादेवडाँडा सुरुङ ३ दशमलव ४ सय ५५, धेद्रे सुरुङ १ दशमलव ६ सय ९१, लेनडाँडा सुरुङ १ दशमलव ६ सय २३, मौरी भीर सुरुङ ५ सय ८३ मिटर छ

नेपाल सरकार मन्त्रिपरिषद्को २०७४ वैशाख २१ गतेको निर्णयअनुसार नेपाली सेनालाई निर्माण व्यवस्थापनको जिम्मेवारी प्राप्त भएको थियो । २०७४ साल साउन २७ गते सडक विभागबाट नेपाली सेनालाई आयोजना हस्तान्तरण भएको नेपाली सेनाले जनाएको छ । त्यस्तै, २०७४ साल मंसिरबाट नेपाली सेनाको

»» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# मलेसियामा कामदार भर्नामा एजेन्टको सहभागिता हटाउन छलफल

**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, २१ माघ

मलेसियाले विदेशी कामदार भर्नामा अनुचित चलखेलका कारण कामदारको लागत बढेको भन्दै भर्ना प्रक्रियामा तेस्रो पक्षको सहभागिता परिवर्तन गर्ने विषयमा छलफल गरिरहेको बताएको छ ।

मलेसियाका मानव संशाधन मन्त्री सेरी आर. रामाननले विदेशी कामदार भर्नाको प्रक्रियाबाट तेस्रो पक्ष एजेन्ट वा बिचौलियालाई हटाउने प्रयासको रूपमा मलेसियाली रोजगारदाताहरूलाई प्रत्यक्ष रूपमा विदेशी कामदार भर्ना गर्न अनुमति दिने प्रक्रियामा छलफल भइरहेको बताएका छन् । उनले प्रस्तावित भर्ना प्रक्रियालाई स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्तुत गर्नुअघि गृह मन्त्रालय र सम्बन्धित सरोकारवालाहरूसँग छलफल गरिने बताएका छन् । उनले यस विषयमा स्रोत मुलुकहरूसँग पनि छलफल गर्ने बताएका छन् ।

विदेशी कामदार भर्नामा तेस्रो पक्ष अर्थात् एजेन्टहरूको संलग्न र चर्को लागत मलेसियामा निरन्तर छलफलको विषय बनेको छ भने कतिपय सांसदहरूले त्यहाँको संसद्मा तेस्रो पक्ष अर्थात् एजेन्टको संलग्नताले कामदारहरूलाई ऋणको बन्धन र आधुनिक दासत्वमा

»» पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
One of the leading Manpower Recruitment company in Kathmandu Kathmandu is seeking for following applicants.

★ Public Relation Officer : 2 Male/Female
- At least 2 years of experience in overseas recruitment.
- Must have a wide network to fulfill recruitment requirements.
- Sourcing & Pre-screening.

★ PRO / Sourcing Manager 1 Male/Female Salary: 50 K
- Minimum 3 years as an Overseas Recruitment Manager, specializing in technical recruitment and pre-selection for diverse industries having expertise in managing end-to-end recruitment operations, including sourcing, pre-screening, and coordinating candidate placement for technical and non-technical roles across various industries.
- Must have a wide network to fulfill hiring recruitment.

★ PRO Assistant : 2 Male/Female
- At least 2 years of experience in overseas recruitment.
- Must have a wide network to fulfill recruitment requirements.

Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at nepaljobs@leointernationalhrc.com

LEO INTERNATIONAL HR CONSULTANCY PVT.LTD.
Tanka Prasad Marga, Mid Baneshwor Height, Opposite to Golyan Tower, Kathmandu
Phone : 01-5912843, 5912844. Mobile No: 9816090359, 9851241211.
Govt. Lic. No.: 1596/079/080

UAE मा Security Guard
पुरुष/महिलाहरूलाई रोजगार
Company Name : We One
पुनः विज्ञापन, पुर्व स्वीकृती मिति: २०८१/१२/१ चलानी नं.: ६०२३४४५४ LT No.: 320363

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 166 | 5 | [illegible] | 2262 | ८८,७०० /- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

उमेर २५ देखि ४० वर्ष, हाइट : ५ फिट ६ इन्च, शैक्षिक योग्यता १० पास, शरीरमा कुनै पनि टाटु नकोरेको, २ वर्ष कामको अनुभव भएको र अंग्रेजी राम्रो बोल्न सक्ने हुनुपर्नेछ ।

UAE सरकारले अर्ध सरकारी र Freezone कम्पनीको भिषा पुलिस रिपोर्टको आधारमा Issue गरिरहेको हुनाले भिषा १५ दिनमै आउने छ ।

प्रि-अन्तरवार्ता यस प्रा. लि. को तकार्यालयमा धमाधम भइरहेको छ । प्रि-अन्तरवार्तामा सफल भएकाहरूलाई मात्र फाइनल अन्तरवार्तामा सामेल गरिनेछ ।

फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०८२ माघ २७ गते (10 Feb., 2026) यस प्रा. लि. को प्रधान कार्यालय गौशला, काठमाडौमा हुनेछ ।

Job Plus Careers Overseas Pvt. Ltd.
(Orchid Overseas Pvt. Ltd.)
Gaushala-9, Kathmandu, Tel. : 01-5913651, 5913652, 9851048627
9801355469, 9801074705, Chitwan : 9709163557, 9818800697
Pokhara : 061-590012, 9802853454 9820614821,
Jhapa : 023-531316, 9801458705, 9802078705,9801074705
Butwal : 9851416162, 9851415258 Email : jobplus.careers@gmail.com
Gov. Lic. No.: 889/067/068

**चुनावले...**

कांग्रेसले सभापति थापालाई भावी प्रधानमन्त्री अघि सार्नुअघि नै रास्वपाले बालेन शाहलाई अबको प्रधानमन्त्री प्रस्ताव गरिसकेको थियो। जेनजी आन्दोलनपछि नेतृत्व छाड्न पार्टीभित्र र बाहिरबाट चर्को दबाब एवं आलोचना खेपेका अध्यक्ष ओलीलाई नै एमालेले भावी प्रधानमन्त्रीका रूपमा अघि सारेको छ। चुनावी दौडाहामा निस्केका रास्वपा नेता बालेनको लोकप्रियता देशभरि नै देखिएको छ। उनी ओलीको परम्परागत निर्वाचन क्षेत्र झापा-५ बाटै चुनाव लड्दै छन्। यस्तोमा रास्वपाको लोकप्रिय मत धेरै हुन सक्ने आन्तरिक विश्लेषण कांग्रेस र एमालेको छ। खासगरी सहरी क्षेत्र र मधेस प्रदेशबाट समानुपातिकतर्फ रास्वपाले धेरै मत पाउने उनीहरूको अनुमान छ। तर प्रत्यक्षतर्फ भने २०७९ को निर्वाचनको सिट नघट्ने दाबी कांग्रेस-एमालेका नेताहरूको छ।

'आन्तरिक असन्तुष्टि, गुनासोलाई थाती राखेर पार्टीलाई जिताउने अभियानमा एमालेको सिंगो पंक्ति एकठाउँ उभिएको छ,' एमाले उपमहासचिव योगेश भट्टराईले भने, 'घरदैलो पुग्दा नेताकार्यकर्ताको उत्साह बढेको छ। मनोबल उँचो भएको छ।' यसअघिका दुई निर्वाचनमा ताप्लेजुङबाट निर्वाचित भट्टराईले यसपटक टिकट पाएनन्। तर उनी एमाले उम्मेदवार क्षितिज थेबेलाई जिताउन लागिपरेका छन्। देशका अन्य निर्वाचन क्षेत्रका चुनावी अभियानमा पनि पुगेका छन्। प्रतिकूल परिस्थितिमा पनि पार्टीलाई एक ढिक्का राखेर चुनावबाट मुख्य राजनीतिक शक्ति स्थापित हुने आत्मविश्वास एमाले पंक्तिमा रहेको भट्टराईको दाबी छ।

जेनजी आन्दोलनबाट सत्ताच्युत भएपछि एमाले अध्यक्ष ओलीको लोकप्रियताको ग्राफ निकै खस्किएको थियो। आन्दोलनकारी, नयाँ दलहरू र नागरिकस्तरबाट समेत ओली र एमालेको चर्को आलोचना गरिएको थियो। जनमत ओरालो लाग्ने संकेत पाएपछि एमालेले टोल, वडा, पालिका, जिल्ला र प्रदेशस्तरीय बैठक, भेला र सभामार्फत पार्टी कार्यकर्तासम्म पार्टी धारणा पुऱ्याएको थियो। नेतृत्व परिवर्तनको माग गर्ने संस्थापनइतर पक्षलाई सम्बोधन गर्दै एक वर्षअघि नै ११औं महाधिवेशन डाकेर नयाँ नेतृत्व छानेको थियो। पार्टी नेतृत्व र निर्वाचनका उम्मेदवारमा पनि उल्लेख्य संख्यामा युवा प्रतिनिधित्व गराएर चुनावमा निस्केको एमालेले आन्तरिक विवाद भने मिलाइसकेको छैन। 'अहिले आन्तरिक विवाद निकाल्ने समय होइन। पहिले हामी चुनाव जित्छौं, अनि समीक्षा त छँदै छ,' उपमहासचिव भट्टराईले भने।

एमालेमा अध्यक्ष ओलीको निर्वाचन क्षेत्र झापा-५ को नतिजाप्रति जति चिन्ता छ, प्रत्यक्षतर्फ अघिल्लो चुनावको सिट नघट्ने विश्वास उत्तिकै देखिन्छ। अघिल्लो चुनावमा कांग्रेस, माओवादी केन्द्र, नेकपा एससहितको पाँच दलीय गठबन्धनसँग सामना गरेर पनि प्रत्यक्षमा ४४ सिट र लोकप्रिय मतमा एमाले पहिलो दल बनेको थियो। एमालेले मधेस प्रदेशमा जसपा र झापा, रूपन्देही, बाँकेलगायतका केही क्षेत्रमा राप्रपासँग तालमेल गरेको थियो। 'यसपटक प्रत्यक्षमा ५० प्लस सिट जित्छौं। समानुपातिक मत केही खस्किए पनि पहिलो दल हुने प्रतिस्पर्धाभन्दा बाहिर छैनौं भन्ने हाम्रो आन्तरिक विश्लेषण छ,' ओलीनिकट एक नेताले भने।

**निर्वाचन...**

राष्ट्रिय परिचयपत्र वा राहदानी वा सवारी चालक अनुमतिपत्र वा जग्गाधनी प्रमाण पुर्जामध्ये कुनै एउटा सक्कल कागजात साथमा लिएर जाँदा मतदान गर्न पाइन्छ।

२ सय ७५ सदस्यीय प्रतिनिधि सभा सदस्यका लागि समानुपातिकतर्फबाट १ सय १० जना र १ सय ६५ जना प्रत्यक्ष निर्वाचन प्रणालीतर्फबाट निर्वाचित हुन्छन्। दुवै निर्वाचन प्रणालीतर्फ उम्मेदवारी दर्ता भएर अगाडि बढिसकेको छ। आगामी फागुन २१ मा मतदान हुनेछ। दलले पाएको मतका आधारमा समानुपातिकतर्फका उम्मेदवार छानिन्छन्। प्रत्यक्षतर्फ भने सम्बन्धित निर्वाचन क्षेत्रमा खसेको मतको बहुमत ल्याउने उम्मेदवार विजयी हुन्छन्।

निर्वाचन आयोगका अनुसार कल सेन्टर उम्मेदवारलाई प्रमाणपत्र दिने समयसम्म सञ्चालित हुनेछ। मतलदानपछि पनि समानुपातिकको सिट छुट्याउन केही समय लाग्नेछ। त्यतिन्जेलसम्म मतदाता वा सरोकारवाला जोसुकैले निर्वाचनसँग सम्बन्धित विषयमा कल सेन्टरमा फोन गरेर जिज्ञासा राख्न सक्छन्।

**नाम फास्ट...**

जनशक्ति तथा राष्ट्रियस्तरका निर्माण व्यवसायीमार्फत द्रुतमार्गको ट्रयाक निर्माण कार्य प्रारम्भ भएको थियो। अन्तर्राष्ट्रिय परामर्शदाताहरूबाट २०७५ साल चैत ५ गते आयोजनाको डिपिआर तयार भएको नेपाली सेनाले जनाएको छ। नेपाल सरकारबाट २०७६ साल भदौ १ गते आयोजनाको स्वीकृत भएको थियो। २०७७ साल जेठ २ गते आयोजनाको अन्तर्राष्ट्रिय परामर्शदाता कोरीयाली कम्पनीसँग सम्झौता भएको थियो भने २०७८ साल वैशाख ३१ गते प्याकेज नम्बर १ र २ को निर्माण व्यवसायीसँग पहिलो इन्टरनेसनल कम्पेटेटिभ विडिड (बाइसिबी)सँग सम्झौता भई जेठ ३१ गतेबाट निर्माण कार्य प्रारम्भ भएको सेनाले जनाएको छ। २०८० साल वैशाख ५ गते आयोजनाको समयावधि २०८३ चैत मसान्तसम्म थप भएको थियो। २०८० साल साउन ३० गते आयोजनाको विस्तृत आयोजना प्रतिवेदनको प्रथम संशोधन र मिति २०८१ कात्तिक २५ गते दोस्रो संशोधन स्वीकृत भएको थियो। पुस मसान्तसम्म ८२ मिटरसम्म उचाइका विशेष प्रकृतिका पुलसहित १३ स्थानका पुलको निर्माण सम्पन्न भएको सेनाले जनाएको छ। आयोजनाअन्तर्गत रहेका जम्मा ८९ स्थानका पुलमध्ये ८५ स्थानका पुलको ठेक्का व्यवस्थापन भई कार्यान्वयनमा रहेको तथा बाँकी चार स्थानका पुल जग्गा अधिग्रहणसम्बन्धी समस्या रहेको खोकना खण्डमा अवस्थित रहेका छन्। निर्माणाधीन पुलमध्ये ५४ स्थानका पुलहरूको होलिस्टिक प्लानअन्तर्गत रहेका १३ वटा निर्माण प्याकेजमध्ये हालसम्म प्याकेज नम्बर १, २, ३, ४, ५, ६, ७, ८ क, ८ ख, ९ क, ९ ख र १० निर्माणाधीन तथा कार्यान्वयनको चरणमा रहेका छन्। त्यस्तै प्याकेज नम्बर ११ अन्तर्गत पर्ने खोकना-डुकुछाप खण्डमा जग्गा अधिग्रहणसम्बन्धी समस्या रहेको छ। साथै, द्रुतमार्गको सुरु बिन्दु र सवारी आवागमन व्यवस्थापन सम्बन्धमा निर्णय बाँकी रहेकाले खरिद प्रक्रिया सुरु हुन बाँकी रहेको सेनाले जनाएको छ।

आयोजना कार्यान्वयन क्रममा जग्गा अधिग्रहण, वन क्षेत्र प्रयोगको अनुमति, स्थानीय तहसँग समन्वय तथा जटिल भू-भौगोलिक अवस्थाका कारण केही खण्डमा दिलाइ भएको नेपाली सेनाका सूचना अधिकारी राजाराम बस्नेत बताउँछन्। समयावधिमा काम सम्पन्न हुने/नहुनेमा उनी अन्योल नै देखिन्छन्। 'प्रस्थान बिन्दु खोकनादेखि अन्तिम बिन्दु निजगढसम्म जग्गा अधिग्रहण, रुख कटानसम्बन्धी समस्या छन्,' उनले भने, 'काम भइरहेको छ।'

सरकारले स्वीकृत संशोधित बजेटको सीमाभित्रै आयोजना सम्पन्न गर्ने लक्ष्य कायमै रहेको उनले बताए। नेपाली सेनाले पनि अनावश्यक लागत वृद्धि हुन नदिन विशेष ध्यान दिइरहेको उनको भनाइ छ।

**मलेसियामा...**

परिणत गरेको टिप्पणी गर्दै आएको मलेसियाका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्। हाल मलेसियाका रोजगारदाताहरूले विदेशी कामदार भर्ना गर्नुपहिले एजेन्टहरूसँग कुरा गर्ने गरेका छन्। प्रस्तावित प्रावधानले मलेसियाका रोजगारदाताहरूलाई विदेशी कामदारहरूसँग प्रत्यक्ष रूपमा कुराकानी गर्न अनुमति दिने छ। एजेण्टमार्फत कामदार भर्ना गर्दा कामदार साँच्चै रोजगारीका सर्तहरूमा सहमत छन् कि छैनन् भन्ने जानकारी हुनसमेत नसकेको कतिपय रोजगारदाताहरूले बताएको मलेसियाका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्।

द स्टारसँगको एक विशेष अन्तर्वार्तामा मन्त्री रामाननले विदेशी कामदारहरूलाई एउटा काम भनेर मलेसिया लैजाने, तर अर्कै काममा लगाउने गरेको गुनासो रहेको बताएका छन्।

हाल केही कामदारहरूले मलेसिया जानुअघि नै ५ हजार अमेरिकी डलर करिब १९ हजार ६ सय ३० रिंगेटदेखि ८ हजार अमेरिकी डलर करिब ३१ हजार ४ सय ८ रिंगेटसम्मको शुल्क तिर्ने गरेको चर्चा छ।

'चर्का लागतले सामाजिक समस्या, मानव बेचबिखन र मुद्रा शुद्धीकरणमा योगदान पुऱ्याउँछ,' उनले भने, 'अन्तर्राष्ट्रिय श्रम संगठनले विदेशी र घरेलु कामदार हरूका लागि भर्ना शुल्क एक महिनाको ज्यालाभन्दा बढी हुनु हुँदैन भन्ने सिद्धान्तलाई समर्थन गर्दछ।'

बंगलादेशबाट मलेसियामा कामदारहरू भर्ना गर्दा सामान्यतया १६ हजारदेखि २५ हजार रिंगेटसम्मको लागत लाग्ने र नेपालीहरू सुरक्षागार्डको रूपमा काम गर्न १० हजार रिंगेट करिब ४ लाखसम्म तिर्न बाध्य रहेको मलेसियाका सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्।

मन्त्री रामाननले प्रस्तावित प्रक्रिया आगामी डिसेम्बरसम्म तयार हुने अपेक्षा गरिएको बताएका छन्। प्रस्तावित समाधानले लामो समयदेखि चलिरहेको समस्याहरूलाई पूर्ण रूपमा हटाउन नसक्ने भन्दै मन्त्री रामाननले कम्तीमा पनि बिचौलियाको समस्यालाई सम्बोधन गर्ने र विदेशी कामदारहरूलाई भर्ना गर्दा अनावश्यक लागत घटाउन मद्दत गर्ने बताए।

उनले रोजगारदाताले एआईको भाषा अनुवाद सहयोगमा भर्चुअल अन्तर्वार्ता लिन सक्ने पनि बताएका छन्। उनले खासगरी नेपाली कामदार मलेसिया भाषामा पोख्त नहुने गरेको भन्दै एआईले कुराकानी अनुवाद गर्ने पनि बताएका छन्।

विश्व क्यान्सर दिवस

# भक्तपुर क्यान्सर अस्पतालद्वारा विविध कार्यक्रम आयोजना




**भक्तपुर/मस**–विश्व क्यान्सर दिवसको अवसरमा भक्तपुर क्यान्सर अस्पतालले जनचेतना अभिवृद्धि गर्ने उद्देश्यसहित विविध कार्यक्रमको आयोजना गरेको छ। कार्यक्रमअन्तर्गत निःशुल्क क्यान्सर परीक्षण तथा पुल्चोकदेखि मंगलबजारसम्म जनचेतना ऱ्याली सञ्चालन गरिएको थियो।

हरेक वर्ष फेब्रुअरी ४ तारिखमा मनाइने विश्व क्यान्सर दिवस यस वर्ष 'युनाइटेड बाइ युनिक'(पृथकतामा एकता) भन्ने नारासहित नेपालसहित विश्वभर मनाइँदै छ। यस नाराले हरेक व्यक्तिको क्यान्सरसम्बन्धी अनुभव फरक भए पनि सबै मिलेर यस रोगविरुद्ध लड्नुपर्ने सन्देश प्रवाह गर्दछ।

कार्यक्रमको उद्घाटन गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले क्यान्सर उपचार तथा रोकथाम क्षेत्रमा भइरहेको लगानी अझै अपर्याप्त रहेको उल्लेख गरे। उनले क्यान्सर कोषलाई थप सुदृढ बनाउँदै उपचार सेवा विस्तार गर्न सरकार र सरोकारवाला निकायहरूबीच सहकार्य आवश्यक रहेको बताए। विभिन्न अस्पतालको सहकार्यमा देशभर क्यान्सर उपचार सेवा विस्तार गर्ने प्रयास भइरहेको उनले जानकारी दिए। कार्यक्रममा क्यान्सर विशेषज्ञ डा.उज्जवल चालिसेले क्यान्सरलाई समाजको गम्भीर र चुनौतीपूर्ण स्वास्थ्य समस्याका रूपमा उल्लेख गरे।

**LALITPUR METROPOLITAN CITY**
**OFFICE OF MUNICIPAL EXECUTIVE**
**PULCHOWK, LALITPUR**
**BAGMATI PROVINCE, NEPAL**

**ललितपुर महानगरपालिका क्षेत्रभित्रको जडीबुटी, कवाडी तथा जीवजन्तु करको ठेक्का सम्बन्धि सूचना**

**प्रकाशित मिति : २०८२/१०/२२**

ललितपुर महानगरपालिका क्षेत्रभित्रको जडीबुटी, कवाडी तथा जीवजन्तु करको ठेक्का सम्बन्धि सूचना नं LMC-NCB-Revenue-2082/83-01 का सम्बन्धमा श्री उच्च अदालत पाटनबाट जारी भएको फाँट रिट/रिट नं.०८२–Wo-१२४८ को उत्प्रेषण बमोजिम उक्त बोलपत्र सूचना हाललाई कार्यान्वयन नगर्नु, नगराउनु, यथास्थितीमा राख्नु भनी अन्तरिम आदेश प्राप्त भएको हुँदा सोहि ब्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराईन्छ।

**Government of Nepal**
**Water Supply & Sewerage Management Office, Kanchanpur**
**Invitation for electronic bids**

1. Water Supply and Sewerage Management Office, Kanchanpur invites electronic bids from the Nepalese eligible bidders for the procurement of following works.
2. Eligible bidders may obtain further information from the www.bolpatra.gov.np/egp or Water Supply and Sewerage Management Office, Kanchanpur during the office hours.

| S. N. | Description of Works | Contract ID | Estimated Amount (including PS and VAT) | Bid Security Amount |
|---|---|---|---|---|
| 1 | Pipeline Extension Works at Raikawar Kaluwapur Water Supply Project, Kanchanpur | WSSMO/Kanchanpur/NCB /Works/13/082-83 | 6,248,420.58 | 1,45,000.00 |

**Date of Publication: Magh 22, 2082**

**Modi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Patichaur, Parbat**
**Gandaki Province, Nepal**

**INVITATION FOR SEALED QUOTATION**

**First Publication Date :- B.S. 2082/10/22 (5th Feb, 2026)**

Modi Rural Municipality, Office of Rural Municipal Executive, Patichaur, Parbat invites electronic bids from Nepalese eligible bidders for the procurement of Goods and Works, which are mentioned on following table under Sealed Quotation. All other information and bid document can be downloaded from PPMO's website **www.bolpatra.gov.np/egp.** All eligible bidders are requested to submit E-Bid only as per instruction within the mentioned period.

| S.N. | Description of works | Contract No. | Estimated Amount (Including of VAT, P.S & Contingencies) in NRs. | Bid Doc. Fee | Minimum Bid Security Amount in Nrs. |
|---|---|---|---|---|---|
| 1 | Nisulka Sanitary Pad Byabsthapan (Procurement of Sanitary Pads) | 07/MRM/SQ/ GOODS(082/083) | NRs. 7,37,000.00 | NRs. 1,000.00 | 18,000.00 |
| 2 | Upgrading of internal Road in Patichaur | 08/MRM/SQ/ WORKS(082/083) | NRs. 14,99,999.03 | NRs. 1,000.00 | 35,000.00 |

**Information to deposit the cost of bidding document and Bid Security in Bank.**

| For Bid Document Fee | For Bid Security |
|---|---|
| **Name of Bank:** Nepal Bank Ltd, Modi Branch<br>**Account Name:** GA 1.1 Aantarik Rajaswo Khata<br>**Account no:** 32603000001001000001<br>**Rajaswa (revenue) Shirshak no. :** 14229 | **Name of Bank:** Nepal Bank Ltd, Modi Branch<br>**Account Name:** GA 3 STHANIYA TAHA DHARAUTI KHATA<br>**Account Number:** 32603000003001000001 |

**Chief Administrative Officer**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/०४/२७ मा दर्ता भएको श्री **खाङ्गनाम ल्याङ्वेज सेन्टर प्रा. लि. (प्रा. लि. नं. १९५७४५)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८-०४-०८ मा दर्ता भएको **प्रा. लि. नं. २६५२९६** को **मारुशिन सिताका कम्पनी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२-०७-१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०८२/१०/२२**

**इन्स्टा क्यास** को मिति २०८२/१०/०५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एस मम फुड्स (दार्ता नं. ३८०१२४)** कायम गर्ने गरी मिति २०८२/१०/१८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साइप्रसमा रोजगार**

कम्पनी: **RM CY EMPLOYMENT** शहर: **CYPRUS,PAPHOS**
पूर्व स्वीकृत मिति: २०८२/१०/२१ चलानी नं.: ६०२५१८०८ LT. No.: 338232

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 25 | स. काममा दक्ष | 400 | ६७,९७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: **RM CY EMPLOYMENT** शहर: **CYPRUS,PAPHOS**
पूर्व स्वीकृत मिति: २०८२/१०/२१ चलानी नं.: ६०२५१८०९ LT. No.: 338233

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 25 | स. काममा दक्ष | 400 | ६७,९७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २९ गते (12 February 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**AAGAMAN HUMAN RESOURCES PVT.LTD.** Gov. Lic. No.: 1743/081/082
Tokha-7, Basundhara Chauki, Kathmandu Contact .: 01-4971720, 9851180720, 9851355619, 9808052814, 9849329081, 9849112323, 9865298787, 9847355231 | Email: aagamanhr2024@gmail.com

# अघिल्लो चुनावका उपविजेता शाक्यको समर्थन जगदीशलाई

**ललितपुर/मस-** ललितपुर क्षेत्र नम्बर २ मा राजनीतिक परिदृश्य थप रोचक बन्दैछ । अघिल्लो निर्वाचनमा करिब ९ हजार मत प्राप्त गर्दै उपविजेता बनेका डा. सुदिन शाक्यले यसपटक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार जगदीश खरेललाई आफूले समर्थन गर्ने घोषणा गरेका छन् ।



डा.शाक्य अघिल्लो निर्वाचनमा लौरो चुनाव चिह्न लिएर हाम्रो नेपाली पार्टीबाट उम्मेदवार बनेका थिए । उनले व्यक्तिगत लोकप्रियताका कारण मतदातामा विशिष्ट पहिचान बनाएका थिए । उनले कुल ८ हजार ८ सय ८६ मत प्राप्त गरेका थिए । अघिल्लो चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार बुद्धरत्न महर्जनले ८ हजार ६ सय ६६ मत प्राप्त गरेका थिए ।

ेडिकल डाक्टरसमेत रहेका शाक्य आफ्नो स्वास्थ्य र जनसेवा क्षेत्रमा योगदानका कारण परिचित छन् । अघिल्लो निर्वाचनमा ललितपुर-२ मा नेकपा एमालेका प्रेमबहादुर महर्जन विजयी भएका थिए । उनले १५ हजार २५ मत प्राप्त गरेका थिए । शाक्य त्यसपटक उपविजेता बनेका थिए ।

हालै शाक्य र खरेलबीच भएको भेटमा डा. शाक्यले यसपटक खरेललाई समर्थन गर्ने प्रतिबद्धता जनाएका छन् ।

राजनीतिक विश्लेषकहरूले यस कदमले खरेलको जितको सम्भाव्यता अझ बलियो बनाउने बताएका छन् । अघिल्लो तथ्यांकअनुसार स्वतन्त्र उम्मेदवारको मत खरेलतर्फ सरेको खण्डमा यसले राजनीतिक समीकरणमा निर्णायक प्रभाव पार्ने छ । यस समर्थनले खरेललाई मतदातामा विश्वास र लोकप्रियता दुवै मजबुत बनाउन मद्दत गर्ने विश्लेषकहरूको भनाइ छ ।

# साउदीमा कार्यरत गैरे क्यान्सरसँग संघर्षरत, सहयोगको अपिल



**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, २१ माघ

साउदी अरबस्थित पिज्जा सप नामक कम्पनीमा काम गर्दै आएका पाल्पाका जित बहादुर नेपाली (गैरे) क्यान्सरसँग जीवन-मृत्युको संघर्ष गरिरहेका छन् । हाल ४३ वर्षका गैरे आर्थिक अभावकै बीच उपचाररत छन् ।

पाल्पाको साविक दर्छा गाउँ विकास समिति-१, हाल रामपुर नगरपालिका-३ स्थायी ठेगाना भएका गैरेले साउदी अरबमा श्रम गरी परिवारको भविष्य सुरक्षित गर्ने प्रयास गर्दै आएका थिए । स्वास्थ्यमा समस्या देखिएपछि प्रारम्भिक उपचार साउदीमै गरिएको थियो। तर रोग जटिल बन्दै गएपछि थप उपचार सम्भव नभएपछि उनलाई नेपाल ल्याइएको परिवारले जनाएको छ ।

हाल उनको भरतपुरस्थित क्यान्सर अस्पतालमा निरन्तर उपचार भइरहेको छ। चिकित्सकका अनुसार उपचार प्रक्रिया लामो र अत्यन्तै खर्चिलो रहेको छ। कमजोर आर्थिक अवस्थाका कारण परिवारलाई उपचार खर्च जुटाउन कठिनाइ भइरहेको छ ।

परदेशमा श्रम गरी देशको अर्थतन्त्रमा योगदान पुऱ्याएका श्रमिकको जीवन बचाउन सबैमा मानवीय सहयोग आवश्यक रहेको भन्दै परिवारले सहयोगको अपिल गरेको छ । 'सानो सहयोगले पनि एउटा अमूल्य जीवन जोगाउन ठूलो भूमिका खेल्न सक्छ,' परिवारले भनेको छ ।

गैरेको उपचारका लागि आर्थिक सहयोगको अपिल गर्दै परिवारले सबैको सहयोग, सद्भाव र प्रार्थनाले उनलाई नयाँ जीवनको आशा दिलाउने विश्वास व्यक्त गरेको छ । उनलाई सहयोग गर्न चाहनुहुने महानुभावहरुले आर्थिक संकलन संयोजक बीरेन्द्र कुमार चौधरीको फोन नम्बर ०५४-०५४-७८२९ र पदम महतको ०५५-७००-३८२४ नम्बरमा सम्पर्क गर्न सक्नुहुनेछ ।

## रामारोशन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**शान्तडा, अछाम**
**सुदुरपश्चिम प्रदेश नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८२/१०/२२**

यस कार्यालय बाट मिति २०८२/०९/०७ गतेको राष्टिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सुचना अनुसार रित पूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्रही भएका निम्न बमोजिमको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारिको लागि यो सुचना प्रकाशन गरिएको छ ।

| क्र.स. | कामको विवरण/ ठेक्का नम्बर | सारभुत रुपमा प्रभावग्रही बोलपत्रदाता | कबोल अङ्क रु. (VAT र PS सहित) |
|---|---|---|---|
| 1. | Construction of Pingala Mavi Building, Ramaroshan-01 (IFB No. RRM/NCB/WORKS/2082/083-02) | Shree Danda Nirman Sewa, Khandachakra-01, Kalikot | 82,37,696.32/- |
| 2. | Construction of Purnachandra Mavi Building, Ramaroshan-06 (IFB No. RRM/ NCB/ WORKS/2082/083-03) | Shree Truthful Assistance Group Pvt. Ltd., Kritipur, Kathmandu | 89,50,628.96/- |
| 3. | Construction of Kimtola Aavi Building, Ramaroshan-07 (IFB No. RRM/ NCB/WORKS/2082/083-04) | Shree Ramaroshan Construction, Ramaroshan 05, Achham | 56,02,273.03 |
| 4. | Construction of Sadegada Aavi Building, Ramaroshan-05 (IFB No. RRM/ NCB/WORKS/2082/083-05) | Shree Ramaroshan Construction, Ramaroshan 05, Achham | 34,75,341.76 |

**प्रमुख प्रशासकीय अधिकृत**

## Shivasatakshi Municipality
## Office of the Municipal Executive
**Koshi Province, Jhapa**

### Invitation for online Bids

**Date of 1st Publication : 2082/10/22 (05-Feb-2026)**

Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Doc Fee | Estimated Amount Without Vat & PS | Bid Validity Period | Minimun Bid Security Amount | Bid Security Validity Period | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 20/SM/NCB/ Cons/2082/083 | Construction of incomplete Culvert At Jharna Khola, Shivastakshi 09 | Nrs 3000 | Nrs 18,47,449.85 | 90 Days After Bid opening | Nrs 47,500 | 30 Days beyond the Validity of Bid | 09-Mar-2026 12: 00 Hours | 09-Mar-2026 14: 00 Hours |

**Information to deposit the cost of Bidding document in Bank**

**Name of the Bank** : Nepal Investment Mega Bank Nepal LTD, Byangdada branch jhapa
**Name of Office** : Shivasatakshi Municipality
Office Account no. : **29601400000017**

If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the receipt of deposited amount of cash along with sealed Bid.

A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**Chief Administrative Officer**


## साउदीमा रोजगार

कम्पनी: MOHAMMED MUAID AL-MUTAIRI COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/१०/२१ — चलानी नं.: ६०२५१८०५ — LT. No.: 338253

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: MOHAMMED MUAID AL-MUTAIRI COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/१०/२१ — चलानी नं.: ६०२५१८०६ — LT. No.: 338254

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 8 | 0 | स. काममा दक्ष | 1000 | ३८,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २९ गते (12 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५५६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

astha Consulting Pvt. Ltd.
श्रम इजाजत पत्र नं. १०१२/०६८/०६९

**AASTHA CONSULTING PVT.LTD**
साविक (Elite Human Resource Pvt. Ltd.)
G.P.O. Box: 3451, Gongabu town planning, Kathmandu-29, Nepal. Tel: +977-1-4987995, 4989849
Mob.: 9803031722 ,9851088873, 9808875634 , 9801188873 , 9851072628
Email: aasthaconsultingnepal@gmail.com, www.asthaconsulting.com.np



## कुवेतमा रोजगार

कम्पनी: NASSER AL-KULAIB GENERAL TRADING AND CONTRACTING ESTABLISHMENT — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/१०/२१ — चलानी नं.: ६०२५१८०२ — L.T. No.: 338234

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminum Fabricator | 15 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६६,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Finishing Carpenter | 20 | 0 | | 120 | ५६,६२३ | | | | | | | |
| 3. | Mechanic Helper | 60 | 0 | | 120 | ५६,६२३ | | | | | | | |
| 4. | Mechanic Operator | 15 | 0 | | 200 | ९४,३७२ | | | | | | | |
| 5. | Spray Painters | 20 | 0 | | 120 | ५६,६२३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २९ गते (12 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५५६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | रु.१०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SHARON MANPOWER SERVICES PVT.LTD.**
Govt Lic. No.: 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713, 9851364461, 976-5970749
Itahari Branch Contact : +977-25-590863



## कतारमा रोजगार

कम्पनी : MEDHA CONTRACTING CLEANING AND SERVICES — शहर: QATAR
पूर्व स्वीकृत मितिः २०८२/१०/२१ — चलानी नं.: ६०२५१८०३ — LT. No.: 338336

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९८,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Iron Worker | 7 | 0 | | 1200 | ४७,४४८ | | | | | | | |
| 3. | Machanic | 5 | 0 | | 1700 | ६७,२१८ | | | | | | | |
| 4. | Painter/painter Building | 8 | 0 | | 1200 | ४७,४४८ | | | | | | | |
| 5. | Plaster Worker (Mason) | 2 | 0 | | 1200 | ४७,४४८ | | | | | | | |
| 6. | Skilled Building Worker | 3 | 0 | | 1000 | ३९,५४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २९ गते (12 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५५६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Chandra Kamana Manpower Pvt. Ltd.**
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01-4542876, 4538339, 9813013135/9851083561/9802358807/9802358802
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com



## युएईमा रोजगार

कम्पनी: MARINA FACILITIES MANAGEMENT LLC — शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०६/३० — चलानी नं.: ६०२४६१७५ — L.T. No.: 332512 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 186 | 0 | स. काममा दक्ष | 1000 | ३९,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २९ गते (12 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५५६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**S.P.M. OVERSEAS PVT.LTD.**
Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795, Kathmandu Contact No : 984-2151398 981-3127393 / 9706534871, Email: Spmoverseas@gmail.com, Web.: www.spmoverseas.com



## युएईमा रोजगार

कम्पनी : AL MUSTADAM CLEANING AND MAINTENANCE L.L.C — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/२९ — चलानी नं.: ६०२३२८७६ — L.T. No.:318597 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Layer. | 8 | 0 | स. काममा दक्ष | 1200 | ४७,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २९ गते (12 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५५६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Professional Manpower Services Pvt. Ltd.**
श्रम इजाजत नं. ४३१/०६०/०६१
Basundhara-03, Kathmandu, Nepal | Tel No.: 01- 4987247, 01-4988247 | Email: info@pms.com.np



## मलेसियामा रोजगार

कम्पनी : PMM COMPONENTS SDN. BHD. — शहर: JALAN
